# हंगकंगका युवा सेवा, लागु औषधि उपचार अनि पुनर्स्थापना सेवा तथा सामुदायिक विकास सेवाहरूबारे जानकारी

## सेवा निर्देश

- युवाहरूका विविध तथा बदलिदो आवश्यकताहरूको समाधान गर्नलाई हामी सेवाको एउटा **चेतनशील तथा एकिकृत उपाय** अपनाउँछौं।
- युवाहरूलाई जिम्मेवार, परिपक्व तथा समाजमा योगदान दिने सदस्य बन्नमा सहयोग प्रदान गर्न उनिहरूका लागि वृहत क्षेत्रमा **रोकथाममुलक, विकासमुलक तथा उपचारात्मक सेवाहरू** संचालन गर्नका लागि सामाजिक कल्याण विगागले गैर-सरकारी संस्थाहरूलाई अनुदान दिने तथा अनुगमन गर्ने गर्दछ।

## A हंगकंगका प्रमुख युवा सेवाहरू

### चाँडो पहिचान तथा हस्तक्षेप

### *इन्टिग्रेटेड चिल्ड्रन एन्ड युथ सर्भिसेज सेन्टर्स*

- छरछिमेकका छ तथा २४ वर्षभित्रका बालक तथा युवाहरूमा सेवा पुर्‍याउनका लागि एकिकृत बाल तथा युवा सेवा केन्द्रहरूको स्थापना गरिएको छ। सेवाहरू एउटा चेतनशील तरिकामा प्रदान गरिन्छ। **अन्तरंग कार्यक्रमहरू**मा मार्गनिर्देशन तथा परामर्शहरू, पिछडिएका परिस्थितिका युवाहरूका लागि टेवामुलक कार्यहरू, सामाजिकरण कार्यक्रम अनि सामाजिक जिम्मेवारी तथा दक्षताको विकास पर्दछन्। **गैर-अन्तरंग कार्यक्रमहरू** जस्तै ड्रप इन सेवा, इन्टरेस्ट समूह, समर युवा कार्यक्रमहरू तथा स्टडी रुम सेवाहरू पनि बाल तथा युवाहरूमा आफ्नो फुर्सतको समयलाई उत्पादनमूलक ढंगमा विताउने अवसर प्रदान गर्नका लागि उपलब्ध गराइन्छ। केन्द्रहरूको सूचीको लागि, कृपया सामाजिक कल्याण विभागको वेबसाइट http://www.swd.gov.hk. हेर्नुहोला।

***स्कूल सोशल वर्क सर्भिस***

- विद्यालय सामाजिक कार्य सेवाको कार्यान्वयन "**प्रत्येक सेकेन्डरी विद्यालयमा एकजना विद्यालय सामाजिक कार्यकर्ता**" को नीतिअनुसार गरिएको हो। प्रत्येक सेकेन्डरी दिवा विद्यालयमा खाँचोमा परेका विद्यार्थीहरूको पहिचान तथा उनीहरूलाई शैक्षिक, सामाजिक अथवा भावनात्मक समस्याहरूमा सहयोग गर्न एकजना पूर्णकालीन सामाजिक कार्यकर्ता उपलब्ध गराइन्छ। कृपया सोधपुछका लागि सम्बन्धित विद्यालयमा सम्पर्क गर्नुहोस्।

***आफ्टर स्कूल केयर कार्यक्रम***

- आफ्टर स्कूल सेवा कार्यक्रम (ASCP) ले काम या अन्य कारणले गर्दा **स्कूलपछिका समयमा** उचित स्याहार उपलब्ध गराउन असमर्थ हुने मातापिताहरू भएका **छ देखि १२ वर्षका बालकहरूका लागि टेवामूलक कार्यक्रमहरू** प्रदान गर्ने लक्ष राख्दछ। सेवाहरूमा होमवर्क सहायता, खाद्य सेवा, मातापिता मार्गनिर्देशन तथा शिक्षा, सीपमूलक तालीम तथा अन्य सामाजिक गतिविधिहरू पर्दछन्। केन्द्रहरूको सूचीको लागि, कृपया सामाजिक कल्याण विभागको वेबसाइट http://www.swd.gov.hk. हेर्नुहोला।

- ASCP केन्द्रहरू **सेल्फ-फाइनेन्सिंग तथा फी चार्जिंग** आधारमा संचलित रहन्छ। महिला तथा परिवार स्याहारकर्ताहरूमा स्व-निर्भरताको वृद्धि गर्न, सामाजिक कल्याण विभागले जरुरतमन्द न्यून आय हुने परिवार तथा कम्प्रिहेन्सिभ सोशल सेक्युरिटि एसिस्टेन्सका प्राप्तकर्ताका लागि कार्यक्रम अन्तर्गत **पूर्ण रुपमा शुल्कमा छुट दिने अथवा आधा अनुदान** प्रदान गर्दछ। आवेदन दिनका लागि आवेदकहरूले सोझै सम्बन्धित केन्द्रहरूमा सम्पर्क गर्न सक्नेछन्।

सामयिक सहायता

***डिस्ट्रिक्ट युथ आउटरिचिंग सोशल वर्क सर्भिस***

- डिस्ट्रिक्ट युथ आउटरिचिंग सोशल वर्क टोलिलाई क्षेत्रव्यापि आधारमा छ देखि २४ वर्षभित्रका परम्परागत सामाजिक या युवा कृयाकलापहरूमा सामान्यत सहभागी नहुने तथा अनपेक्षित प्रभावहरूको खतरामा हुने युवाहरूमा **पुगेर परामर्श तथा मार्गनिर्देशनहरू प्रदान गर्न** उपलब्ध गराइन्छ। अति जोखिममा परेका युवाहरूका आवश्यकताहरूको समाधान गर्न तथा बाल गिरोहका समस्याहरूको समाधान गर्नका लागि यो कार्यक्रम प्रभावकारी छ। टोलीहरूको सूचीको लागि, कृपया सामाजिक कल्याण विभागको वेबसाइट http://www.swd.gov.hk. हेर्नुहोला।

***ओभरनाइट आउटरिचिंग सर्भिस फर यंग नाइट ड्रिफ्टर्स***

- ओभरनाइट आउटरिचिंग सर्भिस फर यंग नाइट ड्रिफ्टर्स क्षेत्रव्यापि आधारमा सम्भावित नैतिक खतराप्रति सम्पर्कमा आएका **अति जोखिममा परेका युवा रात्री फिरन्तेहरू**मा उपलब्ध गराइन्छ। टोलीहरूको सूचीको लागि, कृपया सामाजिक कल्याण विभागको वेबसाइट http://www.swd.gov.hk. हेर्नुहोला।

***हटलाईन सर्भिस फर युथ-एट- रिस्क***

- हंगकंग फेडरेशन अभ युथ ग्रुप्सद्वारा संचालित हटलाईन सेवाले **(2777 8899)** जोखिममा परेका युवाहरूलाई **टेलिफोन सम्पर्क**का माध्यमबाट तात्कालिक परामर्श प्रदान गर्दछ। टेलिफोनकर्तालाई प्रदान गरिने सेवामा टेलिफोनद्वारा मार्गनिर्देश तथा परामर्श, तात्कालिक

हस्तक्षेपका लागि व्यक्तिगत परामर्श तथा अन्य उपयुक्त सेवा एकाइहरूमा रेफरलहरू पर्दछन्।

*डिस्ट्रिक्ट सपोर्ट स्किम फर चिल्ड्रन एन्ड युथ डिभ्यालपमन्ट*

- यस योजनाले जिल्लास्तरका पिछडिएका परिस्थितिमा रहेका ० देखि २४ वर्षका बाल तथा युवाहरूका विकासमुलक आवश्यकताहरूको पूर्ती गर्ने लक्ष राख्दछ। वंचित बाल तथा युवाहरूलाई आफ्नो विकासका आवश्यकताहरू पूरा गर्न **प्रत्यक्ष नगद सहायता**को रुपमा स्रोतहरूको वितरण गरिन्छ साथै कार्यक्रमको खर्च उठाउन **परियोजनाका आधार**मा पनि आवंटन गरिन्छ। आवश्यक पर्ने ग्राहकहरूले विवरणका लागि आफ्ना सम्बन्धित सामाजिक कार्यकर्तालाई भेट्न सक्नेछन्।

<u>युवाहरूलाई पून उचित मार्गतर्फ लैजाने</u>

*कम्यूनिटि सपोर्ट सर्भिस स्किम*

- कम्यूनिटि सपोर्ट सर्भिस स्किम (CSSS) ले **पोलिस सुप्रिन्टेन्डेन्ट्स डिस्क्रिशन स्किम अन्तर्गत चेतावनी दिइएका** बाल ताथ युवाहरूलाई मुलधारको शिक्षा तथा कार्यदलमा पून समायोजन गराउने तथा उनिहरूको गल्ति दोहोर्याउने सम्भावनालाई कम गराउने उद्देश्यले सहयोग प्रदान गर्दछ। सेवाहरूमा व्यक्तिगत तथा पारिवारिक परामर्श, थेराप्युटिक ग्रुप्स, सीपमुलक तालीम या शैक्षिक समूह, एडभेन्चर कृयाकलाप साथै मनोरञ्जनात्मक अनि सामुदायिक सेवाहरू पर्दछन्। उच्चतम सेवा प्रदान गर्ने उद्देश्यले, प्रत्येक एकिकृत बाल तथा युवा सेवा केन्द्रमा एउटा CSSS टोली संलग्न रहेको हुन्छ। टोलीहरूको सूचीको लागि, कृपया सामाजिक कल्याण विभागको वेबसाइट http://www.swd.gov.hk. हेर्नुहोला।

## B. लागु पदार्थ उपचार तथा पुनर्स्थापना सेवा

*साइकोट्रपिक पदार्थ दुरुपयोगकर्ताहरूका लागि परामर्श केन्द्र*

- साइकोट्रपिक पदार्थ दुरुपयोगकर्ताहरूका लागि परामर्श केन्द्रले लत लागेका/कहिलेकाहीँ/सम्भाव्य साइकोट्रपिक पदार्थ दुरुपयोगकर्ताहरूका साथै जोखिममा परेका युवाहरूलाई साइकोट्रपिक पदार्थ दुरुपयोगबाट अलग रहेर एउटा स्वस्थ जीवन यापन गर्न मद्दत गर्ने उद्देश्यले परामर्श, रोकथाममूलक शिक्षा कार्यक्रम र सहयोग पुर्‍याउने लक्ष राख्दछ। उपलब्ध सेवाहरूमा (i) साइकोट्रपिक पदार्थ दुरुपयोगकर्ताहरूका लागि व्यक्तिगत तथा सामूहिक परामर्श, (ii) परिवारका सदस्यहरूका लागि परामर्श, (iii) माध्यमिक विद्यार्थीहरू तथा समुदायका लागि नियमित रोकथाममूलक शैक्षिक कार्यक्रम; (iv) सम्बन्धित व्यावसायिहरूका लागि व्यावसायिक तालीम; तथा (v) खाँचोमा परेका मानिसहरूका लागि स्थलगत चिकित्सा उपचार सेवाहरू पर्दछन्। केन्द्रहरूको सूचीको लागि, कृपया सामाजिक कल्याण विभागको वेबसाइट http://www.swd.gov.hk मा हेर्नुहोस्।

*आवासिय लागु पदार्थ उपचार तथा पुनर्स्थापना केन्द्र तथा हाफवे हाउसहरू*

- आवासिय लागु पदार्थ उपचार तथा पुनर्स्थापना केन्द्र तथा हाफवे हाउसहरूले **स्वेच्छाले आवासिय लागु पदार्थ उपचार, पुनर्स्थापना तथा सामाजिक एकीकरणमा भाग लिन चाहने** लागु पदार्थका दुर्व्यसनीहरूमा सेवा पुर्‍याउँछ। ठोस सेवा तथा सेवापश्चात स्याहारको व्यवस्थाहरूका साथमा, यसले लागु पदार्थ दुरुपयोगकर्ताहरूलाई लागु औषधिको आदत हटाउन, व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन, जीवनमा नयाँ दिशा निर्माण गर्न तथा समुदायमा पुनः एकीकृत हुनमा मद्दत गर्ने प्रयास गर्दछ। अनुदित केन्द्रहरूको सूचीको लागि, कृपया सामाजिक कल्याण विभागको वेबसाइट http://www.swd.gov.hk मा हेर्नुहोस्।

***लागु पदार्थ दुरुपयोगकर्ता, भूतपूर्व-लागु पदार्थ दुरुपयोगकर्ता तथा उनीहरूको परिवारका सदस्यहरूका लागि केन्द्रहरू***

- हाल, कारितास लोक हिप क्लबले **लागु पदार्थ दुरुपयोगकर्ता, भूतपूर्व-लागु पदार्थ दुरुपयोगकर्ता तथा उनीहरूको परिवारका सदस्यहरूमा परामर्श र टेवा प्रदान गर्ने** दुइवटा केन्द्रहरू संचालन गर्दछ। यसले लागु पदार्थ दुरुपयोगकर्ताहरूलाई लागु पदार्थको दुरुपयोगबाट बँच्न तथा परिवारका सदस्यहरूलाई लागु पदार्थको दुरुपयोगको परिणामस्वरुप उत्पन्न समस्याहरूको समाधान गर्न परामर्श सेवा, तथा लागु पदार्थ दुरुपयोगकर्ता, भूतपूर्व-लागु पदार्थ दुरुपयोगकर्ता तथा उनीहरूको परिवारका सदस्यहरूको सहयोगको लागि सामूहिक कार्य सेवा लगायतका टेवामूलक सेवाहरू प्रदान गर्दछ। यसले विभिन्न लक्षित समूहहरूमा रोकथाममूलक शैक्षिक सेवाहरू पनि प्रदान गर्दछ। केन्द्रहरूको सूचीको लागि, कृपया सामाजिक कल्याण विभागको वेबसाइट http://www.swd.gov.hk मा हेर्नुहोस्।

C. **सामुदायिक विकास सेवाहरू**

**सामुदायिक केन्द्र**

- सामाजिक सम्बन्ध तथा आपसी सहयोगको प्रवर्द्धन गर्ने; आत्म निर्भरताको भावना, सामाजिक जिम्मेवारी तथा समुदायमा संलग्नताको विकास गर्ने; तथा सामुदायिक समस्याहरूको समाधान गर्न अनि जीवनस्तरमा सुधार ल्याउन व्यक्ति तथा परिवारलाई सशक्त गर्ने सामुदायिक केन्द्र सबै उमेर समूहहरूका लागि एउटा क्षेत्रमा अवस्थित केन्द्रविन्दु हो। केन्द्रहरूको सूचीको लागि, कृपया सामाजिक कल्याण विभागको वेबसाइट http://www.swd.gov.hk. हेर्नुहोला।

***नेवरवुड लेभल कम्यूनिटि डिभ्यालपमन्ट प्रोजेक्ट (NLCDP)***

- नेवरवुड लेभल कम्यूनिटि डिभ्यालपमन्ट प्रोजेक्ट (NLCDP) कल्याणकारी सेवा तथा सुविधाहरू अपर्याप्त अथवा छँदै नभएका **वंचित तथा अस्थायी समुदायहरू**मा सेवा पुर्याउनका लागि हो। समुदायका जोखिममा परेका समूहहरूलाई सेवा दिन धेरैवटा समुदायमा आधारित सेवाहरूको

संचालन साथै अस्थायी आवास क्षेत्रहरू, सुकुमबासी क्षेत्र तथा सार्वजनिक आवासक्षेत्रको क्लिअरेन्स कार्यक्रममा कमीले गर्दा NLCDP सेवा समाप्त हुँदै जानेछ भन्ने अनुमान गरिन्छ। टोलीहरूको सूचीको लागि, कृपया सामाजिक कल्याण विभागको वेबसाइट http://www.swd.gov.hk. हेर्नुहोला।

***केयर एन्ड सपोर्ट नेटवर्किंग टिम (CSNT)***

- केयर एन्ड सपोर्ट नेटवर्किंग टिमले मुख्यत **वेस्ट कोलुनका एक्स-अफेन्डरहरू, भूतपूर्व मानसिक रोगीहरू तथा सडकमा सुत्नेहरूलाई** आउटरिचिंग, सहायता, केसवर्क तथा सामूहिक कार्य सेवाका माध्यमबाट समुदायमा पून घुलमिल हुन सहायता प्रदान गर्दछ। टोलीहरूको सूचीको लागि, कृपया सामाजिक कल्याण विभागको वेबसाइट http://www.swd.gov.hk. हेर्नुहोला।

युवा फाँट
युवा तथा सुधार शाखा
सामाजिक कल्याण विभाग
नोभेम्बर २०१०